# बारम्बार सोधिने प्रश्नहरुको संगालो

# (FAQ)

सामाजिक सुरक्षा कोष
Social Security Fund

# <u>योगदानमा आधारित सामाजिक सुरक्षा ऐन</u>

# <u>तथा नियमावली सम्वन्धी</u>

**१ सामाजिक सुरक्षा योजनामा सहभागी हुन कति प्रतिशत रकम योगदान गर्नुपर्दछ ?**

- रोजगारदाताले २० प्रतिशत र योगदानकर्ताले ११ प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम मासिक र नियमित रुपमा योगदान गर्नुपर्दछ ।

**२ आश्रित परिवार भन्नाले के बुझिन्छ ?**

- आश्रित परिवार भन्नाले योगदानकर्ताको एकाघरमा बस्ने देहायको नाताको कुनै जीवित व्यक्ति सम्झनु पर्दछ ।

  क) पति वा पत्नी,

  ख) छोरा बुहारी वा छोरी,

  ग) बाबु आमा सासु वा ससुरा,

  घ) नाति वा नातिनी ।

**३ योगदान योग्य आय भन्नाले के बुझिन्छ ?**

- योगदान योग्य आय भन्नाले श्रमिकले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीबाट दैनिक, साप्ताहिक, पाक्षिक वा मासिक रुपमा प्राप्त गर्ने प्रचलित कानून बमोजिम कर कट्टि गर्नु पूर्वको आधारभूत पारिश्रमिक सम्झनु पर्दछ ।

**४ योगदान रकम कति समयभित्र कोषमा जम्मा गरि सक्नुपर्दछ ?**

- योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ७ अनुसार योगदान योग्य आय भुक्तानी गर्नु पर्ने महिना समाप्त भएको पन्ध्र दिनभित्र कोषमा रकम जम्मा गरि सक्नु पर्दछ ।

**५ समयमा योगदान रकम जम्मा नगरे के हुन्छ ?**

- योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ९ बमोजिम तोकिएको समय भित्र योगदान रकम जम्मा नगरे कोषमा जम्मा गर्नु पर्ने रकममा दश प्रतिशत ब्याज समेत थप गरी कोषले रकम असुल उपर गर्ने साथै समयमा योगदान रकम जम्मा भएन भने योगदानकर्ताले पाउने औषधी उपचार, स्वास्थ्य एवं मातृत्व सुरक्षा दुर्घटना र अशक्तता एवं आश्रित परिवार सुरक्षा योजनाको सुविधाबाट समेत वञ्चित हुन्छ ।

**६ योगदानकर्ताले गलत विवरण पेश गरी बढी सुविधा दावी गरेको प्रमाणित भएमा के हुन्छ ?**

- योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ४७ बमोजिम योगदानकर्ताले गलत विवरण पेश गरी बढी सुविधादावी गरेको पाइएमा निजबाट त्यस्तो रकम असुल उपर गर्ने व्यवस्था रहेको छ ।

**७ बिमाङ्कीय मुल्यांकन (Acturial Valuation) भनेको के हो ?**

- संस्थाले गरेको लगानी, आर्थिक स्थीति, योगदानकताको जनसाङखीकिय बनावट, दावी भुक्तानी तथा अन्य दायित्व समेत मध्यनजर गरी कोषले योगदानकर्तालाई उपलब्ध गराई रहेको सुविधा थप गर्न सकिने सम्भावनालाई यकिन गर्न बिमाङ्किद्धारा गरिने मुल्यांकनलाई नै बिमाङ्किय मुल्यांकन भनिन्छ ।

**८ हाल सञ्चालनमा रहेका सुविधा योजना मध्ये कुनै एउटा मात्र सुरक्षा योजनामा सहभागी हुन पाइन्छ वा पाइदैन ?**

- सबै अनिवार्य छ ।

**९ सरकारी सेवामा रहेका कर्मचारीहरुलाई कोषमा किन योगदान अनिवार्य नगरिएको हो ?**

- ऐनको दफा २१ बमोजिम सरकारी सेवामा रहेका कर्मचारीहरुलाई सरकारले तोके वमोजिम हुने सकिने व्यवस्था रहेकोमा हाल सरकारी कर्मचारीको योगदानमा आधारित पेन्सन कार्यक्रम अर्को

व्यवस्था नभएसम्म कर्मचारी सञ्चयकोषले सञ्चालन गरि रहेको हुँदा सामाजिक सुरक्षा कोषमा आबद्धनभएको हो ।

१० **कुनै कर्मचारीले रोजगारी छाडेमा कति दिनभित्रमा कोषलाई जानकारी गराउनु पर्दछ ?**

➢ योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा २४ मा कुनै कर्मचारीले रोजगारी छाडेमा रोजगारदाताले एक महिनाभित्र कोषमा जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ ।

## श्रम ऐन र नियमावली सम्बन्धी

११ **आधारभुत पारिश्रमिक भन्नाले के बुझिन्छ ?**

➢ आधारभूत पारिश्रमिक भन्नाले रोजगारीमा रहे वापत प्राप्त गरेको भत्ता तथा अन्य सुविधा वाहेकको रकमलाई बुझाउँदछ र सो शब्दले रोजगार अवधि १ वर्ष पुगेपछि हुने पारिश्रमिक वृद्धिको रकमलाई समेत जनाउँदछ ।

१२ **आधारभूत पारिश्रमिक र भत्ता कसरी छुट्याउने ?**

➢ श्रम नियमावलीको नियम ६६ वमोजिम कुल पारिश्रमिकको कम्तिमा पनि ६० प्रतिशत आधारभूत पारिश्रमिक हुने व्यवस्था छ ।

१३ **सञ्चयकोष, उपदान तथा बीमा सम्बन्धि श्रम ऐनमा के व्यवस्था छ ?**

➢ श्रम ऐनको दफा ५२, ५३, ५४ र ५५ बमोजिम श्रमिकबाट १० र रोजगारदाताबाट १० गरी २० प्रतिशत सञ्चयकोष कट्टा गर्नु पर्ने, प्रति महिना आधारभुत पारिश्रमिकको ८.३३ प्रतिशत उपदान रकमको ब्यवस्था गराउनु पर्ने, न्यूनतम १ लाखको औषधि उपचार र ७ लााखको दुर्घटना बापत्को बिमा गराउनु पर्ने व्यवस्था रहेको छ ।

१४ **श्रम अडिट के हो ?**

➢ श्रम ऐन, नियमावली वा प्रचलित कानूनको पालनाको सम्बन्धमा के कस्तो अवस्था छ भनि यकिन गर्न गरिने अडिट नै श्रम अडिट हो । जसमा उल्लेखित विषयहरुको जुनसुकै बेला श्रम निरिक्षकले निरिक्षण गरि एकिन गर्न सक्दछ ।

१५ **न्यूनतम पारिश्रमिक के हो र कसरी निर्धारण हुन्छ ?**

➢ श्रम मन्त्रालयअन्तर्गत न्यूनतम पारिश्रमिक निर्धारण गर्ने समितिले प्रत्येक २/२ वर्षमा परिमार्जन गर्ने गरि निर्धारण गरेको पारिश्रमिकलाई न्यूनतम पारिश्रमिक भनिन्छ । हाल यस्तो पारिश्रमिक रु. १३४५० । रहेको छ । (नियमित कर्मचारीको हकमा)

१६ **सामाजिक सुरक्षा योजनामा आबद्ध हुँदा खाईपाई आएको सुविधाको बारेमा कस्तो व्यवस्था छ ?**

➢ श्रम ऐनको दफा १७८(३) मा कोषमा आबद्ध भएको कारण खाईपाई आएको सुविधा नघट्ने व्यवस्था रहेको छ । साथै, श्रम नियमावलीको नियम २३ (४) मा नियमावली प्रारम्भ हुँदाको बखत कसैले लिएको रकमएक महिनाभन्दा बढी भएमा कोषमा जम्मा गर्नु पर्ने हद सम्मको रकम योगदानमा आधारीत सामाजिक शुरक्षा कोषमा जम्मा गरी बाँकी रहेको रकम सम्वन्धीत श्रमिकले प्राप्त गर्ने गरी ब्यवस्था गर्नु पर्ने भन्ने ब्यवस्था रहेकोले सामाजिक सुरक्षा योजनामा आबद्ध हुँदा खाईपाई आएको सुविधा घट्दैन ।

१७ **आंशिक रुपमा काम गर्ने श्रमिकहरुको हकमा कोषमा योगदान गर्न के कस्ता प्रावधान रहेका छन् ?**

➢ आंशिक रुपमा काम गर्ने कर्मचारीहरु समेत अन्य कर्मचारी सरह योजनामा समावेश हुनु पर्दछ ।

<u>**सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि सम्वन्धी**</u>

१८ **सामाजिक सुरक्षा कोषको योगदानमा आधारित सुरक्षा योजनाहरुमा सहभागी नभए के हुन्छ ?**

➢ सामाजिक सुरक्षा योजनामा सहभागी हुनुपर्ने अनिवार्य व्यवस्था हो । यसमा सहभागी नभए सरकारी सुविधाबाट वञ्चित गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

१९ **साठी वर्ष पूरा भएको व्यक्ति रोजगारी मै रहेमा सामाजिक सुरक्षा कोषमा सूचीकृत हुनु पर्छ कि पर्दैन ?**

➢ स्वेच्छिक रुपमा सहभागी हुन सक्ने व्यवस्था छ ।

२० **कुनै योगदानकर्ताको निवृत्तभरण पाउन शुरु गरेको छोटो समयमै मृत्यु भएमा निजको आश्रित परिवारले के पाउँछ ?**

➢ निवृत्तभरण लिन शुरु गरेको १५ वर्ष पुरा नपुग्दै योगदानकर्ताको मृत्यु भएमा निजको दम्पत्तिले निजले पाइरहेको निवृत्तिभरण रकमको ५० प्रतिशत रकम मासिक रुपमा निज जीवित रहुन्जेल निवृत्तिभरण प्राप्त गर्ने व्यवस्था छ ।

२१ **२०७८ श्रावण १ गते वा सो भन्दा पछि रोजगारीमा आएका श्रमिकहरुको हकमा पेन्सन वा अवकास सुविधा योजना छनौट गर्ने विकल्प छ कि छैन ?**

➢ २०७८ श्रावण १ गते वा सो भन्दा पछि रोजगारीमा आएका श्रमिकहरुको हकमा कोषमा १५ वर्ष योगदान गरेपछि अनिवार्य पेन्सन योजनामै सहभागी हुनुपर्ने र ६० वर्ष उमेर पुग्दासम्म पनि १५ वर्ष योगदान नपुगेको हकमा पेन्सन वा अवकास सुविधा योजनामध्ये कुनै एक विकल्प छनौट गर्ने प्रावधान छ ।

२२ **नेपाल सरकार वा अन्यत्रबाट समेत पेन्सन पाई रहेको व्यक्तिले सामाजिक सुरक्षा कोषबाट पेन्सन पाउँछ कि पाउँदैन ?**

➢ सामाजिक सुरक्षा कोषबाट प्राप्त गर्ने पेन्सन योगदानमा आधारित पेन्सन भएको हुँदा अन्यत्रबाट पेन्सन पाईरहेको व्यक्तिले समेत सामाजिक सुरक्षा कोषबाट पेन्सन पाउँछ ।

२३ **नेपाली नागरिक विदेशमा स्थायी बसोबास गर्न जाने अवस्था आएमा कोषमा जम्मा भएको वृद्धा अवस्था सुरक्षा योजनाको रकम भुक्तानी पाउँछ?**

➢ एकमुष्ट रुपमा भुक्तानी लिन पाउने व्यवस्था छ । तर यसरी रकम फिर्ता पाउन विदेशी मुलुकको स्थायी आवसीय अनुमति पत्र पाएको हुनुपर्दछ ।

२४ **सामाजिक सुरक्षा कोषमा सहभागी भएपछि के के सुविधाहरु उपलब्ध हुन्छन ?**

➢ योगदानकर्तालाई निम्न बमोजिम चारवटा योजनामा भएका सुविधाहरु सुरक्षा योजना कार्यविधि २०७५ बमोजिम उपलब्ध गराउने व्यवस्था छ :

- औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना,
- दुर्घटना तथा अशक्तता सुरक्षा योजना,
- आश्रित परिवारसुरक्षा योजना,
- वृद्धावस्था सुरक्षा योजना ।

२५ औष**धोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना कहिलेबाट लागू हुन्छ ?**

➢ कम्तिमा कोषमा तीन महिना योगदान गरे पछि यस्तो योजना लागू हुन्छ ।

**२६ मातृत्व सुरक्षा सुविधा अन्तर्गत के के सुविधा प्राप्त हुन्छ ?**

- रोजगारदाताबाट पारिश्रमिक सहितको प्रसुति विदा पाउने ६० दिन बाहेक थप ३८ दिनसम्मको निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको ६० प्रतिशत प्रसुति विदाको रकम प्राप्त हुन्छ भने नवजात शिशु स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम समेत उपलब्ध गराउने व्यवस्था छ । साथै, योगदानकर्ता वा योगदानकर्ताको श्रीमतीको नियमित गर्भ परीक्षण, अस्पताल भर्ना, शल्यक्रिया, सुत्केरी भएको ६ हप्ता सम्मको सुत्केरीसँग सम्वन्धित खर्च तथा तीन महिनासम्मको शिशुको उपचार वापतको खर्च सुविधा प्राप्त हुने व्यवस्था छ ।

**२७ स्वास्थ्य उपचार खर्च कस्तो अवस्थामा कति पाइन्छ ?**

- योगदानकर्ता विरामी भई अस्पतालमा भर्ना भएर उपचार गराउँदा (IPD सेवा) १ लाखमध्ये रु ८० हजारसम्मको र अस्पतालमा भर्ना नभई उपचार गराउँदा (OPD सेवा) रु २५ हजार मध्ये रु २० हजार गरी प्रतिवर्ष बढिमा जम्मा रु १ लाख सम्म कोषबाट पाइन्छ । OPD वापतको खर्च IPD मा गाभेर सुविधा उपभोग गर्न सक्ने व्यवस्था दोस्रो संशोधनले गरेको छ ।

**२८ दुर्घटना सुरक्षा योजना कहिलेबाट लागू हुन्छ ?**

- यो योजना योगदान रकम सामाजिक सुरक्षा कोषमा जम्मा भएकै मितिबाट लाागू हुन्छ ।

**२९ श्रमिक रोजगारीजन्य दुर्घटनामा परेमा वा निजलाई व्यवसायजन्य रोग लागेमा के सुविधा पाइन्छ ?**

- रोजगारीजन्य दुर्घटना योगदान सुरु गरेकै मितिबाट र व्यवसायजन्य रोगको सुविधा कोषमा योगदान गरेको दुई वर्ष पछाडि लागु हुन्छ । यी दुवै अवस्थामा उपचार गर्दा लाग्ने सबै खर्च कोषले व्यहोर्ने व्यवस्था छ ।

**३० रोजगारीजन्य बाहेक अन्य दुर्घटनामा परे के हुन्छ ?**

- यस्तो अवस्थामा ७ लाख सम्मको उपचार खर्च कोषले व्यहोर्ने व्यवस्था छ । यदि सात लाख रकम अन्य विमा कम्पनीले व्यहोरेमा कोषले भुक्तानी गर्ने छैन तर अपुग रकम थपी सात लाख भने पुयाउनेछ ।

**३१ योगदानकर्ताको निवृत्तभरण सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा आश्रित परिवारले के -कस्तो सुविधा प्राप्त गर्न सक्छन् ?**

- योगदानकर्ताको हकवालालाई कोषमा जम्मा गरेको वृद्धावस्था सुरक्षा योजना वापत जम्मा योगदान रकम र कोषको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकम,
- निजको पति वा पत्नीलाई यदिअन्य रोजगारीमा नरहेको अवस्थामा निज जीवित रहेसम्म अन्तिम आधारभुत तलवमानको साठी प्रतिशतको रकमले निवृत्तभरण,
- २१ वर्ष पुरा नभएसम्म निजका सन्तती एक जना भएमा अन्तिम आधारभुत तलवमानको चालिस प्रतिशत र तर एक भन्दा वढी सन्तती सुविधा पाउने अवस्थाको भएमा बढीमा दुई सन्ततीलाई आधारभुत पारिश्रमिकको चालिस प्रतिशत रकमलाई दामासाहीले शैक्षिक वृत्ति वापत प्रदान गरिनेछ ।
- योगदानकर्ताको विवाह नभएको खण्डमा निजको एकाघरका बाबु आमाले पाउने,
- एकमुष्ठ रु.पच्चिस हजार अन्तिम संस्कार खर्च ।

**३२ स्थायी रुपमा पूर्ण असक्षम भएको अवस्थामा के सुविधा पाइन्छ ?**

- पूर्ण असक्षम भएको अवस्थामा योगदानकर्तालाई योगदानकर्ताको अन्तिम आधारभुत पारिश्रमिकको ६० प्रतिशतको दरले योगदानकर्ता जीवित रहेसम्म हेरचाह वापत निवृत्तभरण प्रदान गरिने व्यवस्था रहेको छ ।

**३३ योगदानकर्ताले १८० महिना योगदान गर्दै साठी वर्ष उमेर पूरा भएमा के हुन्छ ?**

- त्यस्तो योगदानकर्ताले रकम एकमुष्ट रुपमा लिन वा त्यसलाई १६० ले भाग गरी हुन आउने रकम जीवनभर निवृत्तभरणको रुपमालिन सक्ने व्यवस्था छ ।

**३४ भुक्तानी प्रकृया कस्तो हुन्छ ?**

- औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा र दुर्घटना भएको अवस्थामा कोषले व्यहोर्ने खर्च अस्पतालले दाबी गर्ने र सोको भुक्तानी अस्पतालको बैंक खातामा कोषले सिधै जम्मा गर्ने व्यवस्था गरिएको छ । साथै, आश्रित परिवारले पाउने तथा योगदाकर्ताले पाउने पेन्सन लगायत अन्य सुविधा सिधै योगदानकर्ताको बैंक खातामा पठाउने ब्यवस्था रहेको छ ।

**३५ सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदा रोजगारदाता कम्पनीलाई के-के फाइदा हुन्छ ?**

- श्रम ऐन २०७४ ले जुनसुकै प्रकारका रोजगारदाताहरुलाई पनि सञ्चाय कोष, उपदान, दुर्घटना तथा स्वास्थ्य उपचार बीमा गराउनु पर्ने भनि कानूनी व्यवस्था गरेको हुँदा एकातर्फ रोजगारदाता कम्पनीलाई यीविभिन्न सुविधाहरु छुट्टाछुट्टै उपलब्ध गराउनुपर्ने झन्झट रहँदैन भने अर्कोतर्फ मर्यादित कार्य वातावरणको सृजना हुन गई लगानी मैत्री वातावरणको विकास हुन पुग्छ ।

**३६ एक भन्दा बढी बच्चा जन्मियो भने प्रसुति स्याहार बापतको खर्च के हुन्छ ?**

- सामाजिक सुरक्षा कोषको योजना सञ्चालन कार्यविधि, २०७५ अनुसार प्रसुति स्याहार खर्च प्रति शिशु थपिदै जाने व्यवस्था रहेको छ ।

**३७ बृद्धावस्था सुरक्षा योजना बापत प्राप्त हुने सुविधाउपभोग गर्न साठी वर्ष पुग्नै पर्ने कारण के हो ?**

- योगदानमा आधारित सुरक्षा ऐन नेपालको सन्दर्भमा मानिसको क्रियाशिल उमेर ६० वर्ष कायम भएकोले सोहि उमेरलाई अवकाशको उमेर मानेर अवकाश पश्चात् आयको निरन्तरताको निम्ति यस्तो व्यवस्था गरिएको हो ।

**३८ योगदानकर्ताले ६० वर्ष नपुग्दै जम्मा रकम झिक्न पाउने व्यवस्था के छ ?**

- २०७८ असार ३० सम्म योगदान प्रारम्भ गर्ने योगदानकर्ताले निवृतीभरण र अवकाश दुवै कोषमा जम्मा भएको सवै रकम र २०७८ साउन १ गते वा सो भन्दा पछि योगदान गर्ने योगदानकर्ताले अवकाश कोषमा जम्मा भएको रकम जागिर बाट अलगिएको अवस्थामा निकाल्न पाउँछ । जसको लागी ६० वर्ष कुर्नु पर्दैन् ।

**३९ रोजगारीजन्य दुर्घटना उपचार खर्च बाडफाँड हुने हो वा सबै कोषले ब्यर्होदछ?**

- रोजगारीजन्य वा व्यवसायजन्य रोगका अवस्थामा योगदानकर्ताले २० प्रतिशत तिर्नुपर्दैन , सम्पूर्ण खर्च कोषले व्यर्होछ ।

**४० अशक्तता सुरक्षा योजना अन्तर्गत कुनै पनि श्रमिकलाई पूर्ण र आंशिक अशक्ता भएको प्रमाणित गर्ने आधारहरु के के हुन?**

- अशक्तता प्रतिशत निर्धारण गर्ने कोषका मेडिकल अधिकृत सहितको उपसमितिले असक्तताको प्रतिशत निर्धारण गर्दछ र सोही आधारमा आंशिक (पुर्ण अशक्तता अथवा अस्थाई र स्थायी) भनि प्रमाणित हुन्छ ।

**४१ सामाजिक सुरक्षा योजनामा दाबी रकम बढीमा कति दिनमा उपलब्ध गराउने व्यवस्था छ ?**

- यस्तो भुक्तानी सम्बन्धित स्वास्थ्य संस्थालाई सम्पूर्ण कागजात/प्रमाणहरु प्राप्त गरेको ३० दिनभित्र उपलब्ध गराउने व्यवस्था छ ।

**४२ पेन्सन रकममा मूल्यवृद्धि समायोजन हुन्छ कि हुँदैन ?**

- सुरक्षा योजना कार्यविधिको २४(ख) बमोजिम पेन्सन रकम प्रत्येक ३/३ वर्षमा हुने वीमाङ्कीय मुल्याङ्कनसँगै वृद्धि हुदै जान्छ ।

**४३ दुर्घटना भएको अवस्थामा ७ लाख सम्म उपचार खर्च दिने भन्ने सम्बन्धमा अन्य वीमा प्रणालीबाट भुक्तानी पाएको हकमा के हुन्छ ?**

- दुर्घटनाको सम्बन्धमा दोहोरो वीमा भएको हुन सक्दछ । वीमा क्षतिपूर्तिको सिद्धान्तमा आधारित हुने हुँदा यस बापत दोहोरो सुविधा दाबी गर्न भने सकिदैन । उदाहरण को निम्ति तेस्रो पक्ष वीमा वापत ३ लाख भुक्तानी पाउने भएमा बाँकि रकम (४ लाख) मात्र कोषबाट दाबी गर्न पाइन्छ जसलाई अन्य वीमाको कागजातहरुको आधारमा पुष्टि गर्न सकिन्छ ।

## कर सम्बन्धी

**४४ सामाजिक सुरक्षा कोषमा योगदान गर्न थालेपछि सामाजिक सुरक्षा करको रुपमा एक प्रतिशत कर तिर्नु पर्छ कि पर्दैन ?**

- सामाजिक सुरक्षा कोषमा योगदान गर्ने योगदानकर्तालाई एक प्रतिशत सामाजिक सुरक्षा कर आर्थिक ऐनको दफा २१(४) बमोजिम तिर्नु पर्दैन ।

**४५ कति मासिक आम्दानी हुनेलाई दोहोरो कर लाग्ने र कति सम्म हुनेलाई नलाग्ने ?**

- आयकर ऐनदफा ६३ को उपदफा (१) वमोजिम सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकमलाई स्विकृत प्राप्त अवकाशको मान्यता दिएकोले दोहोरो करको सम्भावना रहदैन ।

## रकम जम्मा गर्ने तथा दावी गर्ने सम्बन्धी

**४६ सामाजिक सुरक्षा कोषको रकम कहाँ र कसरी जम्मा गर्ने ?**

- Connect IPS भएको कुनैपनि बैंक तथा वित्तिय संस्थाबाट सामाजिक सुरक्षा कोषको खातामा रोजगारदाता स्वयंले कनेक्ट आईपिएस सुविधा लिएकोले स्वयं अनलाइनबाट र सो नभए रोजगारदाताको खाता रहेको बैंकको Connect IPS मार्फत सिधै सामाजिक सुरक्षा कोषको खातामा जम्मा गर्न सकिनेछ ।

**४७ सामाजिक सुरक्षा कोषमा सहभागी कसरी हुने ?**

- सामाजिक सुरक्षा कोषको वेभसाइट www.ssf.gov.np मा SOSYS online Registration मा गएर रोजगारदाताको अनलाइन रजिष्ट्रिसन गरेपछि सामाजिक सुरक्षा कोषबाट संस्थादर्ता प्रमाणपत्र सहित सामाजिक सुरक्षा नम्बर , युजर नेम र पासवर्ड विधुतीय माध्यमवाट प्राप्त हुन्छ । त्यस पश्चात श्रमिकको विवरण समेत अनलाइनबाटै भर्ने व्यवस्था गरिएको छ ।

**४८ योगदान गरे बापत पाउने सुविधा दाबी गर्नका लागि योगदानकर्ताले के के विवरण अर्थात कागजपत्र पेश गर्नु पर्दछ ?**

- सुविधा दाविको लागि छुट्टाछुट्टै स्किमको लागि फरक-फरक निवेदनको व्यवस्था गरिएको छ । यसको लागी web site:www. ssf.gov.np मा रहेको Claim manual बाट आवश्यकताअनुसार निवेदन डाउनलोड गर्न सकिन्छ ।

## कर्जा तथा लगानी सम्बन्धी

**४९ सामाजिक सुरक्षा कोषमा कर्जा सम्बन्धी कस्तो व्यवस्था रहेको छ ?**

- योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ३२ मा कर्जा लगानी सम्वन्धी व्यवस्था गरेको छ र जसवमोजिम सामाजिक सुरक्षा कोष लगानी सम्वन्धी कार्यविधी २०७७ जारी भइसकेको छ। जसले धितोमा आधारित आवास, शैक्षिक र सामाजिक कार्य गरी ३ प्रकारका कर्जाहरुको व्यवस्था गरेको छ। तर कर्जाको लागि कोषमा लगातार तीन वर्ष योगदान गरेको हनुपर्दछ।

**५० कोषले उपलब्ध गराउने कर्जा सुविधामा ब्याजदर कति हुन्छ ?**

- अन्य अवकाश कोषबाट धितोमा कर्जा लिएका योगदानकर्ता सामाजिक सुरक्षा कोषमा आबद्ध भएमा निजले लिएको ऋण सोहि ब्याजदरमा सार्ने व्यवस्था गरिएको छ। कोषले उपलब्ध गराउने कर्जाको ब्याजदर बजारदर भन्दा कम हुन्छ।

**५१ सामाजिक सुरक्षा कोषमा जम्मा भएको पैसा लगानी बापतको प्रतिफल पाइन्छ कि पाइदैन ?**

- सामाजिक सुरक्षा कोषका लगानीकर्ता भनेको योगदानकर्ता स्वयं भएको हुँदा कोषले आर्जन गरको सम्पूर्ण प्रतिफल (बिमाङ्कीय मुल्यांकन बमोजिम) स्वयम् योगदानकर्ताले नै प्राप्त गर्दछन्।

## IT सम्बन्धी

**५२ रोजगारदाताले कोषमा रकम कसरी जम्मा गर्न सक्छ ?**

- यसको लागि कोषको website: www.ssf.gov.np मा रहेको sosys user manual हेर्नुहोस्।

**५३ श्रमिकले एक कम्पनी छोडी अर्को कम्पनीमा रोजगारीमा आबद्ध वा बेरोजगार भएको अवस्थामा योगदानलाई निरन्तरता दिन सक्छ ?**

- सोही सामाजिक सुरक्षा नम्वर (SSID) बाट योगदानलाई निरन्तरता दिन पाउने व्यवस्था छ।

**५४ रोजगारदाता सूचीकरण भएको प्रमाणपत्र कसरी प्राप्त गर्ने ?**

- रोजगारदाता सूचीकरण भएको प्रमाणपत्र निजको विवरण verify भएपश्चात सम्बन्धित संस्थाको आधिकारिक email मा पठाउने गरिएको छ साथै employer portal बाट डाउनलोड गर्न सक्ने व्यवस्था छ।

**५५ योगदानकर्ताको परिचयपत्र कसरी प्राप्त गर्न सकिन्छ ?**

- कोषको website मा रहेको sosys भित्रको Report मा गई Contributor list बाट परिचयपत्र प्रिन्ट निकाल्ने व्यवस्था एवं कोषवाट पनि उपलब्ध गराउने व्यवस्था छ।

**५६ नयाँ रोजगारदाता कोषमा आवद्ध हुन के गर्नुपर्छ ?**

- कोषमा आवद्ध हुनको निम्ति सामाजिक सुरक्षा कोषको वेभसाइट www.ssf.gov.np मा गई SOSYS अनलाइन रजिष्ट्रेसनमा गएर New Registration मा जाँदा खुल्ने फाराममा रहेको विवरणहरु भर्नुपर्दछ।

**५७ नयाँ रोजगारदाता कोषमा आवद्ध हुन कुन कुन कागजातहरु आवश्यक पर्दछ ?**

- नयाँ रोजगारदाता कोषमा आवद्ध हुँदा रोजगारदाताको विवरण, रोजगारदाता संस्थाको प्रमुख कार्यकारी वा अध्यक्षको विवरणका साथसाथै संस्थाको PAN वा VAT मा दर्ता भएको कागजात आवश्यक पर्दछ। यदि रोजगारदाता विदेशी हो भने दुतावासले प्रमाणित गरिदिएको पत्र समेत आवश्यक पर्दछ।

**५८ योगदानकर्ता कसरी थप्ने ?**

- कोषमा रोजगारदाता २ तरिकाले थप्न सकिन्छ :

- Contributor Manual मा गई KYC Form भरेर वा
- ठूलो संख्यामा योगदानकर्ताहरु भएको अवस्थामा कोषले उपलब्ध गराउने Excel form भरेर गर्न सकिन्छ ।

**५९ आफ्नो संस्थामा रहेका योगदानकर्ताहरुको कुल संख्या कसरी हेर्न सकिन्छ ?**

➢ स्वीकृत (verified) भएका योगदानकर्ताहरुको मात्र विवरण हेर्न सकिन्छ जसको निम्ति Reports →Employee list मा जानुहोस् ।

**६० (Password) पासवर्ड कसरी परिवर्तन गर्ने ?**

➢ Change Password मा Click गर्नुहोस् र त्यसपछि Old Password → New Password राख्नुहोस् ।

**६१ Password बिर्सियो भने के गर्ने ?**

➢ Employer Portal मा गई Recover Password मा Click गर्नुहोस् ।

➢ आफ्नो SSID enter गर्नुहोस् ।

➢ त्यसपछि तपाईको Email address मा Password परिवर्तन गर्ने Link वा password प्राप्त गर्नु हुनेछ ।

**६२ कोषमा जम्मा भएको रकम SOSYS मा कसरी हेर्ने ?**

➢ Report मा Click गरी Collection मा जानुहोस् ।

➢ योगदान शुरु गरेको मिति र अन्तिम मिति Select गर्नुहोस् ।

**६३ योगदानकर्ताको विस्तृत सुची कसरी हेर्न सकिन्छ ?**

➢ Report मा गई Registration भित्र रहेको योगदानकर्ताको Detail हेर्नुहोस् ।

➢ त्यसपछि योगदानकर्ताको SSF No. enter गर्नुहोस् ।

**६४ कोषमा सुचिकृत भएका योगदानकर्तालाई कसरी हटाउन सकिन्छ ?**

➢ Collection मा जानुहोस् ।

➢ जुन योगदानकर्तालाई हटाउनु पर्ने हो सोही योगदानकर्ताको button थिच्नुहोस् ।

**६५ Submission Number बिर्सिएमा के गर्ने ?**

➢ Report भित्र Contributor Status मा जानुहोस् ।

**६६ यदि १० लाख भन्दा बढीको योगदान रकम छ भने कसरी योगदान गर्ने ?**

➢ यस सम्बन्धी कार्य भइरहेको छ ।

**६७ SOSYS मा Upload गर्ने file size कति हुनुपर्छ ?**

➢ SOSYS मा Upload गर्ने file size 1 MB भन्दा कम हुनुपर्छ ।

**६८ योगदानकर्ताको Status लाई कसरी जनाइएको हुन्छ ?**

➢ "C" → KYC form नभरेको,

➢ "I"→ विवरण Save गरेको तर Submit नगरेको,

➢ "F"→ Verification को लागी कोषलाई पठाएको,

➢ "T"→ विवरण कोषबाट verified भएको ।

# अन्य

६९ **राष्टिय तथा अन्तराष्टिय, गैरसरकारी संस्था (NGO, INGO) हरु र तिनमा कार्यरत कर्मचारीहरुलाई कोषमा समावेश गर्न पदर्छ वा पर्दैन?**

➢ पर्दछ ।

७० **अन्य कोषहरुवाट पाउने सुविधा भन्दा सामाजिक सुरक्षा कोषबाट पाउने सुविधामा के अर्थमा फरक र बढी छ ?**

➢ सबै संस्थाहरुको आ-आफ्नै महत्व छ । समयकालिन आवश्यकता सम्बोधन गर्ने गरी कानुनी प्रावधानअनुसार नै संस्थाहरुको कामको दायरा निश्चित गरिएको हुन्छ । सामाजिक सुरक्षा कोष प्याकेजमै सम्पुर्ण प्रकारका सामाजिक सुरक्षा योजना सञ्चालन गर्न स्थापित संस्था हो ।

७१ **अनौपचारिक क्षेत्र वा स्वरोजगारमा रहेका व्यक्तिहरु सामाजिक सुरक्षा कोषमा आबद्ध हुन मिल्छ कि मिल्दैन ?**

➢ योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले जनुसुकै प्रकारको रोजगारीमा रहेको व्यक्ति कोषमा आबद्ध हुन सक्ने व्यवस्था गरेको हुँदा अनौपचारीक क्षेत्रमा काम गर्ने तथा स्वरोजगार समेत यस कोषमा आबद्ध हुन सक्दछन् जसको निम्ती छुट्टै कार्य विधि बन्दैछ ।

७२ **केहि अवधिमात्र योगदान गरी छाडेमा के हुन्छ ?**

➢ केहि समय योगदान गरी छाडेको हकमा अवकास कोषमा जम्मा भएको रकम जागिरबाट अलगिएको अवस्थामा निकाल्न पाउने र निवृतीभरण कोषमा जम्मा भएको रकम नियमाअनुसार एकमुष्ट निकाल्न वा पेन्सन जानको लागि अनिवार्य ६० वर्ष पुगेको हुनुपर्दछ ।
रहन्छ ।

७३ **योगदानकर्ताले जम्मा गरेको रकमको कसरी लगानी गरिन्छ ?**

➢ योगदानकर्ताले तिरेको ३१ प्रतिशत रकमलाई सम्बन्धित योजनाहरुमा बाँडफाँड गरिएको हुन्छ र उक्त रकमको पोर्टफोलियो विविधि कारणको सिद्धान्त अनुरुप विभिन्न क्षेत्रमा लगानी गरिएको हुन्छ ।

७४ **३१ प्रतिशत नै कट्टि गर्नुको आधार के हो ?**

➢ वास्तवमा सामाजिक सुरक्षा ऐन, श्रम ऐन २०७४ को साथै संविधानको मौलिक हक कार्यान्यनसँग सम्बन्धित छ । श्रम ऐन २०७४ मा सञ्चय कोषको बापत् २० प्रतिशत उपदान बापतप्रति महिना ८.३३ प्रतिशत औषधि उपचार र दुर्घटना बीमा जस्ता सुविधा अनिवार्य गरिएको छ । त्यसै अनुरुप कोषले ३१ प्रतिशत रकमकट्टा गरेको हो जसको बनावट देहायअनुसार हुन्छ ।

७५ **के योगदान नगरेको समयको पनि प्रतिफल पाइन्छ ?**

➢ कोषमा जम्मा रहेको वृद्धा अवस्था सुरक्षा योजनाको लगानीवाट प्राप्त प्रतिफल अनुपातिक रुपमा योगदानकर्ताले पाउने व्यवस्था छ ।

७६ **सामाजिक सुरक्षा कोषले MOU नगरेको अस्पतालमा गएर उपचार गरेमा के हुन्छ ?**

कोषले MOU नगरेका अस्पतालहरुमा गएर व्यवसाय जन्य दुर्घटना सम्वन्धी उपचार गराउनु परेमा कोषलाई  अनिवार्य रुपमा दुर्घटना भएको सात दिनभित्र जानकारी गराउनुपर्दछ । यदि जानकारी नगराई उपचार नगरेमा जति नै खर्च भएता पनि कोषले सात लाख रुपैया भन्दा बढी रकम वेहोर्दैन । तर औषधी उपचार, स्वास्थ्य र मातृत्व सुरक्षा सम्वन्धी उपचार सकभर MOU गरेका हस्पिटलमै गराउनुपर्दछ ।

## सामाजिक सुरक्षा कोष सम्बन्धी

**७७ सामाजिक सुरक्षा कोषको औपचारिक शुभारम्भ कहिले भयो ?**

- सामाजिक सुरक्षा कोषको औपचारिक शुभारम्भ मिति २०७५ मङ्सिर ११ गते भएको हो ।

**७८ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन कहिले जारी भयो ?**

- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ श्रावण २९ गते जारी भयो ।

**७९ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन कहिलेबाट कार्यान्वयनमा आयो ?**

- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ कार्तिक २५ गतेबाट कार्यान्वयनमा आयो ।

**८० सामाजिक सुरक्षा कोषको आवश्यकता किन ?**

- संविधानको धारा ३४ मा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई मौलिकहकको रुपमा व्यवस्था गरिएको हुँदा संविधान प्रदत्त मौलिक हक कार्यान्वयनको लागि सामाजिक सुरक्षा कोषको स्थापना आवश्यक भएको हो ।

**८१ सामाजिक सुरक्षा कोषको हालको नारा के हो ?**

- "असलश्रम सम्बन्धको आधार सामाजिक सुरक्षा र रोजगार" कोषको नारा रहेको छ ।

**८२ सामाजिक सुरक्षा कोष सञ्चालनको सैद्धान्तिक आधार के हो ?**

- योगदानकर्ता श्रमिककाममा रहँदा निजको स्वास्थ्य र सुरक्षाको प्रत्याभूति र निज काममा नरहँदा आयको निरन्तरताको ग्यारेन्टी गरी मर्यादित श्रम र सम्मानित जीवनको अनुभुति दिलाउनु नै सामाजिक सुरक्षा कोष सञ्चालनको सैद्धान्तिक आधार हो ।

**८३ कोषको अध्यक्षता कसले गर्दछ ?**

- सामाजिक सुरक्षा कोषको अध्यक्षश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव रहने व्यवस्था छ ।

**८४ सामाजिक सुरक्षा कोष सञ्चालक समितिको बनावट कस्तो रहेको छ ?**

- सामाजिक सुरक्षा कोष सञ्चालन समिति त्रिपक्षीय रहने व्यवस्था छ जसमा सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधिहरु समेत गरी जम्मा १३ सदस्यहरु सञ्चालकका रुपमा रहने व्यवस्था छ ।

**८५ कोषले सञ्चालन गर्ने सुविधा योजनाहरु केमा आधारित छन् ?**

- कोषले सञ्चालन गर्ने सुविधा योजनाहरु ILO Convention १०२ ले निर्धारण गरेका सामाजिक सुरक्षाका अन्तराष्ट्रिय न्यूनतम मापदण्डहरुमा आधारित छन् ।

**८६ कोषको कार्यालय कहाँ रहेको छ ?**

- सामाजिक सुरक्षा कोषको कार्यालय काठमाण्डौं बबरमहलमा रहेको छ ।

**८७ कोषको तालुक मन्त्रालय कुन हो ?**

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय यस कोषको तालुक मन्त्रालय हो ।

**८८ कोषमा अन्य आवश्यक कुरा बुझ्नु परेमा ?**

- हटलाइन नं. १११६, सर्म्पक नं. ०१-५९७००१६, ०१-४२५६१४४, ०१-४२५६६३१५ मा सम्पर्क गरी अथवा कोषको वेभसाइट www.ssf.gov.np, फेसबुक मार्फत पनि जानकारी प्राप्त गर्न सकिन्छ ।